"समृद्ध नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा सुभाघाट, सुर्खेत २०७३

०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

पत्र संख्या : २०७७/०७८ (शिक्षा, युवा तथा खेलकुद शाखा)
चलानी नं. :

मिति : २०७८।०७।२५

**श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु**
**गुर्भाकोट नगरपालिका, सुर्खेत**

**विषय : प्रस्तावना पेश गर्ने सम्वन्धमा ।**

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०७८।०७।११ गतेको निर्णयानुसार आ. व. २०७८।७९ को विद्यालय क्षेत्र विकास कार्यकम (SSDP) अन्तर्गत यस नगरपालिकावाट कार्यान्वयन गर्न प्राप्त हुन आएका स्वीकृत वार्षिक तपसिल बमोजिमका कार्यकमहरु कार्यान्वयन गर्नका लागि १५ दिन भित्र मिति २०७८।०८।०९ गते भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। विद्यालयको आवश्यकताका आधारमा तोकिएको म्याद भित्र तपसिलका आवश्यक कागजात सहित प्रस्तावना पेश गर्नुहुन सूचित गरिन्छ। साथै, तोकिएको म्याद नाघि प्राप्त हुने प्रस्ताव उपर कुनै कार्वाही नहुने ब्यहोरा समेत जानकारी गराईन्छ।

२०७८।०७।२५
.............................
(पदम बहादुर वि.क.)
(पदम बहादुर वि.क.)
अधिकृत छैठौं (शि.प्र.)

**तपसिल**

क) सशर्त तर्फ

| क.सं. | कार्यक्रम शिर्षक | कोटा संख्या | प्रति इकाइ लागत | कैफियत |
|---|---|---|---|---|
| १. | विद्यालयमा पुस्तकालय स्थापना तथा ब्यवस्थापन अनुदान ( फर्निसिङ, किताव खरिद तथा ईपुस्तकालय समेत) | १ | ६,५०,०००।– | |
| २. | विद्यालयमा विज्ञान प्रयोगशाा अनुदान | १ | ६,५०,०००।– | |
| ३. | शिक्षण सिकाईमा सूचना प्रविधिको (ICT) को प्रयोग (कम्प्यूटर, इन्टरनेट कनेक्टिभिटी, इक्युप्मेन्ट तथा Kits खरिद अनुदान) | १ | ६,५०,०००।– | |
| ४. | कार्यसम्पादनमा आधारित अनुदान | ५ | ५०,०००।– | |
| ५. | उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढिकरणका लागि प्रोत्साहन अनुदान | १ | ५०,०००।– | |

**प्रस्तावना पत्र साथ पेश गर्नुपर्ने आवश्यक कागजात र शर्तहरु**

१. कार्यकम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप ९.२, ९.३, ९.५, ९.७ र ९.८ अनुसारको अलग प्रस्तावना पेश गर्नुपर्ने छ।
२. विद्यालय ब्यवस्थापन समितिको निर्णय अनिवार्य हुनुपर्नेछ।
३. पुस्तकालय, विज्ञान प्रयोगशालाको र सूचना प्रविधिका लागि अलग्गै कक्षा कोठाको ब्यवस्था हुनुपर्ने छ।
४. विगत वर्षहरुमा उक्त कार्यकम नपरको हुनुपर्ने छ।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस